# फिदिम राजपत्र

## फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः १०          फिदिम,पाँचथर     २०८२  पौष १८  गते          संख्याः १

**भाग-२**

**फिदिम नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फिदिम पाँचथरको सूचना**

**विपन्न तथा असुरक्षित आवास भएका परिवारलाई सुरक्षित आवास निर्माण गर्ने सम्बन्धी कार्यविधि २०८२**

## विपन्न तथा असुरक्षित आवास भएका परिवारलाई सुरक्षित आवास निर्माण गर्ने सम्बन्धी कार्यविधि २०८२

**प्रस्तावना :**

आर्थिक रुपले विपन्न र असुरक्षित आवासमा बसोबास गर्ने विपन्न परिवारलाई सुरक्षित, दिगो र बस्न योग्य आवासको व्यवस्था गरी नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३७ मा रहेको आवासको हक कार्यान्वयन गरी सहज जीवनयापनमा सहयोग पुर्याउने उद्देश्यले नगरपालिकाबाट तत्काल आवासको व्यवस्था गर्नका लागि रकम उपलब्ध गराउन अलग्गै कानुनी व्यवस्था गर्न वान्छनीय भएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले देहायको कार्यविधी बनाइ लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) यो कार्यविधीको नाम "विपन्न तथा असुरक्षित आवास भएका परिवारलाई सुरक्षित आवास निर्माण गर्ने सम्बन्धी कार्यविधि २०८२" रहेको छ।

ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "असुरक्षित घरधुरी" भन्नाले फुस, ढुंगा, बाँस वा अन्य अस्थायी सामग्रीले बनेको तथा बस्न खतरा भएको घरलाई जनाउँछ।

ख) "विपन्न परिवार" भन्नाले आयआर्जन न्यून भई जीवनयापनमा कठिनाई भइरहेको तथा सामाजिक आर्थिक सहयोग आवश्यक पर्ने परिवारलाई जनाउँछ।

ग) "सुरक्षित आवास" भन्नाले जस्ता पाताको छाना र आधारभुत संरचना सहित बस्न योग्य घरलाई जनाउँछ।

घ) "नगरपालिका" भन्नाले फिदिम नगरपालिकालाई जनाउँछ।

ङ) "नगर प्रमुख " भन्नाले फिदिम नगरपालिकाको नगर प्रमुखलाई जनाउँछ।

च) "कार्यपालिका" भन्नाले फिदिम नगरपालिकाको कार्यपालिकालाई जनाउँछ।

**३. उद्देश्य :**

क) यस कार्यविधिको मुख्य उद्देश्य यस नगरपालिका क्षेत्रभित्र आर्थिक सामाजिक रुपमा कमजोर अवस्थामा रहेका विपन्न परिवारलाई न्यूनतम आधारभुत आवश्यकतामा पर्ने आवास निर्माणका लागि तत्काल राहत उपलब्ध गराई सहज जीवनयापनमा सहयोग गर्नु रहेको छ।

**४. राहत रकम** :

क) विपन्न परिवारलाई सुरक्षित आवास निर्माणका लागि अधिकतम रु. ४०,०००।०० (अक्षरुपी चालिस हजार रुपैयाँ मात्र) वा सो रकम बराबरको जस्तापाता उपलब्ध गराइनेछ।

**५. योग्यताको मापदण्डः** देहायको मापदण्ड पूरा गरेका घरधुरी राहतका लागि योग्य मानिनेछः

क) परिवार असुरक्षित/फुसको छानो भएको घरमा बसोवास गरेको, जस्तापाता वा पक्की घर नभएको भनि वडा अध्यक्षको रोहबरमा मुचुल्का।

**ख)** नगरपालिका भित्र स्थायी बसोबास गरिरहेको हुनुपर्ने ।

**ग)** सम्बन्धित वडा कार्यालयको सिफारिस हुनुपर्ने ।

**घ)** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र चालु आ.व.को तिरो तिरेको रसिद ।

**ङ)** आवश्यक परिमाण अनुसार भित्तो, छाना र आधार निर्माण योग्य भएको प्राविधिकको प्रतिवेदन ।

**६. राहत स्वीकृतिः**

क) मापदण्ड अनुसारको आवश्यक कागजात तथा प्रमाण पत्रको आधारमा निवेदन पेश गरेपश्चात नगर प्रमुखको तोक आदेशअनुसार कार्यालयले राहत रकम उपलब्ध गराउनेछ ।

**७. भुक्तानीको प्रक्रियाः**

ख) राहत रकम  प्राप्त गर्न मापदण्ड पुगेको विपन्न परिवारको नाममा रहेको बैंक खातामा भुक्तानी गरिने वा सो बराबरको जस्तापाता उपलब्ध गराइनेछ ।

**८. राहत नपाउने अवस्थाः** देहायको अवस्थामा विपन्न परिवार राहत पाउन योग्य हुनेछैनः

क) एउटै विपदका कारण पटकपटक राहत उपलब्ध गराउन ।

ख) संघीय सरकार, प्रदेश सरकार वा अन्य कुनै निकायबाट सोही प्रयोजनमा राहत प्राप्त गरेको भए ।

**९. अनुगमन तथा मूल्याङ्कनः**

यस मापदण्डको अनुगमन फिदिम नगरपालिकाको अनुगमन समितिबाट गरिनेछ ।

**१०. संशोधनः** यस कार्यविधिलाई नगर कार्यपालिकाले संशोधन वा खारेज गर्न सक्नेछ ।

**११. खारेजी तथा बचाउः** यस कार्यविधीमा व्यवस्था भएका कुराहरु स्थानीय सरकार सञ्चालन ऐन,२०७४ सँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

आज्ञाले

कुमार प्रसाद भट्टराई

प्रमुख प्रशासकीय अधिकृत